# समाज कल्याण परिषद्को

# जरूरी सूचना

*सूचना प्रकाशित मितिः- २०६७/९/१२*

समाज कल्याण परिषद्सँग सम्झौता गरी नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा समाज कल्याण परिषद्सँग आबद्ध भएका सम्पूर्ण गैरसरकारी संस्थाहरूले प्रत्येक आर्थिक वर्ष व्यतित भएको ३ महिनाभित्र संस्थाबाट संचालन भएका परियोजनाहरूको तथ्याङ्क विवरण समाज कल्याण परिषद्मा अनिवार्य रुपमा बुझाउनु पर्ने प्रावधान भए बमोजिम सो कार्यलाई अझ प्रभावकारी बनाउनका लागि समाज कल्याण परिषद्बाट NGO Database Program तयार गरिएको ब्यहोरा सहर्ष जानकारी गराइन्छ ।

अन्तराष्ट्रिय गैरसरकारी संस्था (INGO) को हकमा यो सूचना प्रकाशित भएको मितिले बढीमा १ महिनाभित्र NGO Database Program मा तथ्याङ्क विवरण भर्न हुन जानकारी गराइन्छ । उक्त मितिभित्र तथ्याङ्क विवरण उपलब्ध नभएमा संघ-संस्थालाई परिषद्बाट हुने सहजीकरणको कार्यमा बाधा उत्पन्न हुन जाने ब्यहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । NGO Database Program मा संस्था सम्बन्धी सूचना प्रविष्ट गर्न User ID र password आवश्यक हुने हुँदा User ID र password प्राप्त गर्न छुट भएका अन्तर्राष्ट्रिय गै.स.स हरूले तुरुन्त परिषद्मा सम्पर्क राख्नु हुन समेत जानकारी गराइन्छ ।

साथै सोही प्रकारको Database Program नेपालमा कार्यरत राष्ट्रिय गैरसरकारी संस्था (NGO) हरूको लागि पनि तयार भई सकेको जानकारी गराउँदछौं । सो सम्बन्धी सूचना तथ्याङ्क विवरणहरू बारेमा निकट भविष्यमा सुसुचित गरिने ब्यहोरा पनि अवगत गराइन्छ ।

Database भर्नको लागि परिषद्को Website www.swc.org.np अथवा http://ngodb.swc.org.np मा click गरी भर्न सकिने छ । सो Database सम्बन्धी अन्य केही जानकारी लिनु परेमा समाज कल्याण परिषद्मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।


**समाज कल्याण परिषद**

अनुगमन तथा मूल्याङ्कन विभाग

तथ्याङ्क एवम् कम्प्यूटर शाखा

फोन ४४१८१११ Ext. १०७/११०

Email: info@swc.org.np